जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.वि.दु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १५२ २०८२ साल माघ १ गते बिहीबार (15 Jan 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : चुनौतीपूर्ण बन्दै डिजिटल अर्थतन्त्रक्रे३ पृष्ठमा : सरकारी कामकाजमा मातृभाषा ... ३ पृष्ठमा इशनमा विरोध प्रदर्शनका..

# निर्वाचन प्रहरीका लागि ६ दिनमा ५ हजार ८ सय ३३ जनाको आवेदन



**दैनिक समाचारदाता**
**राजविराज, ३० पुस ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना खुलेसँगै सप्तरीमा उक्त पदमा आवेदन दिनेहरुको सहभागिता उत्साजनक देखिएको छ ।

सप्तरीमा ४ हजार २ सय २२ जना निर्वाचन प्रहरीका लागि भर्ना आह्वान गरिएको छ । आवेदन आह्वान गरिएको ६ दिनमा ५ हजार ८ सय ३३ जनाले निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

उनका अनुसार आवेदन लिने अन्तिम दिन माघ १ गते आवेदकको संख्या ७ हजार पुग्न सक्ने अनुमान गरिएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँग समन्वय गर्दै निर्वाचन प्रहरीका लागि सुरु गरिएको आवेदन प्रक्रिया निर्वाचन प्रहरी पदमा १८ वर्ष पुरा भईसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिकले आवेदन दिन पाउनेछन् ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति मितिदेखि ४० दिन रहनेछ वा नेपाल सरकारले तोकेअनुसार हुनेछ । सेवा सुविधा अन्तर्गत प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक रु ३४ हजार ७ सय ७६ प्रदान गरिने जनाइएको छ । यो सँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने छ ।

# स्रोत नखुलेको अमेरिकी डलरसहित एक पक्राउ

सिन्धुली, ३० पुस (रासस) ।

सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ माथिल्लो बजारस्थित चेकपोष्टमा स्रोत नखुलेको अमेरिकी डलरसहित एक जना पक्राउ परेका छन् ।

खुर्कोटस्थित इलाका प्रहरी कार्यालयका अनुसार काठमाडौंबाट इलामतर्फ गइरहेको बा१६च ८०४८ नम्बरको टाटा सुमोबाट झापाको मेचीनगर नगरपालिका-३ का ३४ वर्षीय युवराज नेवारबाट ५७ हजार अमेरिकी डलर फेला परेको हो । निजलाई हिरासतमा राखेर अनुसन्धान थालिएको छ ।

# निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मुख्यमन्त्री यादवद्वारा आग्रह



धनुषा, ३० पुस (रासस) ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण वातावरण सम्पन्न गर्न/गराउन सङ्घीय सरकारलाई आग्रह गर्नुभएको छ ।

सङ्घीय गृह मन्त्रालय र मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा संयुक्त रूपमा बुधबार जनकपुरधाममा आयोजित एकदिने प्रदेशस्तरीय सुरक्षा गोष्ठी बैठकमा उहाँले निर्वाचन भयरहित वातावरणमा सम्पन्न गराउन सरकारका साथै सरोकार भएका निकायबीच आपसी समन्वय र सहकार्य हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मुख्यमन्त्री यादवले कतिपय फरार कैन्दीबन्दी अझै बाहिर रहेकाले समाजमा त्रासको वातावरण कायम नै रहेकाले सुरक्षा पहिलो प्राथमिकतामा पर्नुपर्नेमा जोड दिनुभयो । “अहिले कतिपय राजनीति दलको प्रदर्शन भइरहेको छ, सुरक्षा निकायका भौतिक संरचना क्षतिग्रस्त भएका छन्, लुटिएका हतियार फिर्ता आउन नसकेको वर्तमान अवस्थामा निर्वाचन गराउनु चुनौतीपूर्ण भएकाले यसतर्फ वर्तमान सङ्घीय सरकार र गृह प्रसाशनले छुट्टै संयन्त्र बनाएर शान्तिपूर्ण वातावरण बनाउनुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो ।

मुख्यमन्त्री यादवले २०७५ सालमा मधेस प्रदेश सरकारले प्रहरी ऐन बनाएको बताउँदै उक्त ऐनअनुसार प्रहरी समायोजन नहुँदा प्रभावकारी रूपमा शान्तिसुरक्षा प्रत्याभुति गराउन कठिनाइ भएको बताउनुभयो ।

सो अवसरमा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले तीनै तहको सरकारबीच समन्वय र सहकार्य भएमा कार्यसम्पादनमा सहजता आउने धारणा राख्नुभयो । उहाँले प्रहरी समायोजन नहुँदा शान्ति सुरक्षालगायत कार्यमा समस्या भएको उल्लेख गर्नुभयो ।

गोष्ठीमा मधेस प्रदेशका आठवटै जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरूले जिल्लागत सुरक्षा अवस्था, विद्यमान चुनौती र आसन्न निर्वाचनलाई लक्षित सुरक्षा रणनीतिबारे विस्तृत छलफल गर्ने कार्यक्रम रहेको छ । बैठकमा तीनवटै सुरक्षा निकायका प्रमुख, नेपाली सेनाका रथी तथा सङ्घीय गृह मन्त्रालयका गृहसचिव राजकुमार श्रेष्ठ, सहसचिव आनन्द काफ्लेलगायत उच्च पदस्थ सरकारी अधिकारी तथा कर्मचारीहरूको उपस्थिति छ ।

गोष्ठीले प्रदेशको समग्र सुरक्षा व्यवस्थालाई मजबुत बनाउँदै आगामी निर्वाचनलाई सुरक्षित र मर्यादित रूपमा सम्पन्न गर्न महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

# दुई सय ५५ जना असहाय तथा अपाङ्गता भएका व्यक्तिलाई फाईबर सिरक



**दैनिक समाचारदाता**
**राजविराज, ३० पुस ।**

सप्तरीको राजगढ गाउँपालिकाले २ सय ५५ जना असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई बिहीबार फाईबर सिरक वितरण गरेको छ ।

गाउँपालिकाको आयोजनामा वडा नं. १ देखि वडा नम्बर ६ सम्मको अपाङ्गता तथा असहायहरुलाई फाईबर सिरक वितरण गरिएको हो ।

गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले असहाय विपन्न वर्गको संरक्षण तथा चिसो मौसममा जेष्ठ नागरिकहरुलाई स्वास्थ्यको जोखिम र हेरचाहका आवश्यकतालाई ध्यानमा राखी ल्यानो फाईबर सिरक वितरण गरिएको बताए ।

प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार झाले फाईबर सिरक वितरण कार्यक्रम अन्तरगत “क”

*बाँकी तीन पृष्ठमा*

# काठमाडौंबाट चुनावी अभियान सुरु गर्दै एमाले

काठमाडौँ, ३० पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले काठमाडौँबाट चुनावी अभियान सुरु गर्दैछ । एमालेको बागमती प्रदेश कमिटीले आगामी माघ ४ गते काठमाडौँमा जनप्रदर्शनसहित विशेष चुनावी अभियानको थालनी गर्न लागेको सो पार्टीका सचिव एवं प्रदेशका इन्चार्ज महेश बस्नेतले जानकारी दिनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हुलाकी सडक खण्ड पूर्णरुपले संचालनका लागि अग्रसरता आवश्यक

लामो समयदेखी निर्माण भइरहेको हुलाकी सडक खण्ड पूर्णरुपले कहिले संचालन हुने भन्ने बहस सुरु भएको छ । लामो समयदेखी उक्त सडक खण्डमा निर्माण कार्य भइरहेको छ । तर ठाउँ ठाउँमा सडक पूर्णरुपले निर्माण भएको छैन् । पूर्व मेचीदेखी पश्चिम महाकालीसम्म उक्त सडक खण्ड पर्दछ । जसअन्तरगत सप्तरीमा पर्ने हुलाकी राजमार्ग अन्तरगतका सडकहरुको काम लगभग सम्पन्न हुने अवस्थामा पुगेको छ । तर, निर्माण हुन नसकेका केही सडकहरु अहिले निकै कहालिलाग्दो अवस्थामा पुगेको छ ।

ती सडकमा वर्षाको बेला आवतजावत नै ठप्प हुने गरेको छ । सवारीसाधनहरु बीच बाटोमै हिलोमा फस्ने गरेको छ । यता सिरहाको कमला पुल उद्घाटन हुनुपूर्व नै भत्किदा त्यस क्षेत्रमा आवतजावत ठप्प छ । निर्माण कम्पनीको लापरवाहीले पुल भासिएको हो । अहिले सो पुलको पुनर्निर्माण सुरु भएपनि कहिले सम्पन्न हुने थाहा छैन् । जसले सिरहा र धनुषाको हुलाकी सडकखण्ड अवरुद्ध भएको छ ।

कलम पुल पूणरुपमा निर्माण भएपछी सप्तरीबाट धनुषा हुँदै अन्यत्र जान निकै सुविधा तथा समयको बचत हुनेछ । एकै दिनमा सप्तरीदेखी पर्सासम्मको यात्रा सहज हुनेछ । तसर्थ निर्माण कार्यलाई छिटो सम्पन्न गराउन सबै क्षेत्रबाट खबरदारी आवश्यक छ । यस्ता कार्यमा सबैको सहयोग समेत आवश्यक छ । जसकारण जनताले विकासको अनुभुती पाउने छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चुनौतीपूर्ण बन्दै डिजिटल अर्थतन्त्रको औपचारिकीकरण

**हेमन्त जोशी**

काठमाडौं, ३० पुस (रासस) ।

दृष्टान्त १: नेपालभित्रका दुई सय ४० हाराहारी इ-कमर्स व्यवसायमात्र वाणिज्य विभागमा सूचीकृत छन् । प्रक्रियामा गएका करिब ७०० व्यवसाय सूचीकृत हुनसकेका छैनन् भने वैधानिक प्रक्रियामै नगएका यस्ता व्यवसायको सङ्ख्या कति छ भन्ने जानकारी कुनै पनि सरकारी निकायसँग छैन ।

दृष्टान्त २: नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने २१ वटा विदेशी कम्पनीमात्र दर्ता भएका छन् । तीस लाखभन्दा कमको वार्षिक कारोबार गर्ने कम्पनीको विद्युतीय सेवा कर छुट भए पनि कुन कम्पनीको कारोबार ३० लाखभन्दा बढी छ र कुनको कम छ भन्ने जाँचबुझ हुनसकेको छैन । उनीहरू पूर्ण रूपमा करको दायरा भन्दा बाहिर छन् ।

दृष्टान्त ३ : नेपालमा क्रिप्टोलगायत भर्चुअल सम्पत्ति ( भर्चुअल एसेट)को कारोबार अवैध हो । तर पछिल्लो पाँच बर्षमा मात्र साढे छ सयभन्दा बढी यस्ता कारोबार भएको आशङ्कामा अनुसन्धान भइरहेको छ । यस्तो कारोबारबाट कर छलीमात्र नभई सम्पत्ति शुद्धीकरण, हुण्डी, पुँजी पलायनजस्ता गतिविधि भएका आशङ्का छ ।

माथिका यी तीन दृष्टान्तले देखाउँछ, नेपालका आर्थिक गतिविधिको डिजिटल रूपान्तरणको दौडमा राज्यका नियामक र व्यवस्थापकीय संयन्त्रहरू निकै पछाडि छन् । मुलुकले डिजिटल अर्थतन्त्र प्रवर्द्धन गर्ने नीति लिएको भए पनि यसलाई सही दिशा र गति दिन भौतिक संसारलाई केन्द्र मानेर बनेका पुराना विधि-प्रक्रियाले साथ दिइरहेका छैनन् ।

सूचना प्रविधिको तीव्र विस्तारले विश्व अर्थतन्त्रको संरचनामात्र होइन, कर प्रणालीको आधारभूत दर्शनमै प्रश्न उठाइरहेको छ । सिमाना, भौतिक उपस्थिति र स्थायी प्रतिष्ठानजस्ता अवधारणामा आधारित परम्परागत अन्तरर्राष्ट्रिय कर प्रणाली डिजिटल अर्थतन्त्रको वास्तविकतासँग मेल खान सकेको छैनन् । डिजिटलाइजेसन अब अर्थतन्त्रको एउटा क्षेत्रमात्र नभई सम्पूर्ण आर्थिक गतिविधिमा गहिरोसँग घुलमिल भइसकेको छ । तर पनि डिजिटल व्यवसाय मोडेलहरूले कर प्रणालीमा ल्याएका चुनौतीहरू परम्परागत व्यवसायभन्दा फरक र जटिल छन् । भौगोलिक उपस्थितिबिना नै विशाल कारोबार, अमूर्त सम्पत्तिमा निर्भरता, प्रयोगकर्ता डेटा र सहभागिताबाट मूल्य सृजना जस्ता पक्षले कर अधिकार कुन देशसँग हुनुपर्ने भन्ने प्रश्नलाई झनै पेचिलो बनाएको छ ।

डिजिटल अर्थतन्त्रका कर चुनौतीहरू प्रत्यक्ष र अप्रत्यक्ष कर दुवै क्षेत्रमा छन् । अप्रत्यक्ष करतर्फ सीमापार व्यवसायीले उपभोक्तासँग गर्ने कारोबारमा मूल्य अभिवृद्धि कर र जिएसटी सङ्कलनमा समस्या छ । यस सन्दर्भमा गन्तव्य सिद्धान्तमा सहमति र सरलीकृत सङ्कलन संयन्त्र विकास गर्नु सकारात्मक प्रगति मान्न सकिन्छ । तर प्रत्यक्ष करतर्फको चुनौती अझै समाधानोन्मुख देखिँदैन । विशेषगरी नेक्सस (कर लगाउने अधिकारको आधार), नाफा बाँडफाँट र आयको वर्गीकरणजस्ता विषयमा अन्तरराष्ट्रिय सहमति जुट्न सकेको छैन । नेपालले पनि यस क्षेत्रलाई पूर्ण रूपमा औपचारिकीकरण गरिसकेको छैन ।

नेपालले २०७९ सालमा विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स-डिएसटी)को अवधारणा लागू गरेको थियो । जसअनुसार गैरबासिन्दा व्यक्तिले नेपालमा रहेका प्रयोगकर्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्य तथा गैरबासिन्दा व्यक्तिले नेपालमा रहेका प्रयोगकर्ताबाट सङ्कलन गरिएको तथ्याङ्कको कारोबार मूल्यमा दुई प्रतिशतका दरले 'डिएसटी' लाग्ने व्यवस्था रहेको छ । यो व्यवस्था कार्यान्वयनको तीन-चार वर्षमै पुनरावलोकनको चरणमा पुगेको छ । अब 'महत्वपूर्ण आर्थिक उपस्थिति' (सिग्निफिकेन्स इकोनोमिक प्रिसेन्स)को अवधारणाका आधारमा विद्युतीय कारोबारको कर निर्धारण गर्ने प्रणाली अवलम्बन गर्नेगरी तयारी गरिरहेको आन्तरिक राजस्व विभागले जनाएको छ ।

अहिले डिएसटीको दायरामा २१ वटा मात्रै विदेशी कम्पनी छन् । 'विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०८२' ले नेपालमा रहेका प्रयोगकर्तालाई उपलब्ध गराएको विद्युतीय सेवा तथा नेपालमा रहेका प्रयोगकर्ताबाट सङ्कलन गरिएको तथ्याङ्क बिक्रीको कूल योग वार्षिक रु ३० लाखसम्म भएमा त्यसमा डिएसटी नलाग्ने व्यवस्था गरेको छ । तर कुन कम्पनीले रु ३० लाखभन्दा कम वा बढीको कारोबार गरेका छन् भन्ने जानकारी कर प्रशासनलाई छैन । डिएसटीमा दर्ता भएका बाहेक कम्पनीको नेपालभित्रको कारोबार कति छ भन्ने अध्ययन, अनुसन्धान हुन नसकेको ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक दिलीप गौतम बताउनुहुन्छ ।

त्यस्तै, दर्ता भएका कम्पनीले तिरेको कर रकम उनीहरूले गरेको वास्तविक कारोबारसँग मेल खान्छ वा खाँदैन भन्ने अध्ययन र वास्तविक करारोपणसमेत हुनसकेको छैन । "नेपालभित्र कुन कम्पनीले कति बराबरको विद्युतीय सेवाको कारोबार गरे भनेर हेर्ने संयन्त्र हामीसँग छैन । दर्ता भएका कम्पनीले उपलब्ध गराएको कारोबारको विवरणकै आधारमा कर निर्धारण भएको हुन्छ । तर दर्ता नभएका कम्पनीको कारोबार कति छ भन्ने जानकारी हामीसँग छैन", गौतमले राससँग भन्नुभयो । विद्युतीय सेवा दिने कम्पनीलाई रु ३० लाखभन्दा कमको वार्षिक कारोबारमा कर छुट भए पनि उनीहरूलाई दर्ता प्रक्रियामा ल्याउन सकिएको छैन ।

भर्चुअल प्राइभेट नेटवर्क ( भिपिएन) को प्रयोग यस क्षेत्रको अर्को चुनौती हो । नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्रदान भएमा मात्रै कुन सेवा प्रदायकबाट कतिको कारोबार भयो भन्ने खुल्छ । तर भिपिएन प्रयोग भएको अवस्थामा त्यसलाई नियमनको दायराभित्र ल्याउन जटिल रहेको आन्तरिक राजस्व विभागका निर्देशक प्रकाश पौडेल बताउनुहुन्छ ।

नेपालभित्रकै ई-कमर्स क्षेत्र पूर्ण रूपमा करको दायरामा छैन । वाणिज्य, आपूर्ति तथा संरक्षण विभागका अनुसार अहिले विभागमा २३८ वटा फर्मले विद्युतीय कारोबार गर्न पाउनेगरी सूचीकरण भएका छन् । यस्तो कारोबार गरिरहेका तर सूचीकरण हुन नसकेका फर्महरूको सङ्ख्या करिब तीन गुणा बढी छ ।

"करिब ७०० हाराहारीमा फर्महरू सूचीकरणका लागि आवेदन दिएका छन् । कागजात नपुगेको, प्रक्रिया नपुगेको जस्ता कारणले उनीहरूलाई सूचीकरण गर्न सकिएको छैन", विभागका निर्देशक भरतप्रसाद आचार्यले भन्नुभयो । कुनै निकायमा दर्ताबिनै सामाजिक सञ्जालमार्फत वस्तु तथा सेवाको विज्ञापन गर्ने र त्यतैबाट किनबेच गर्ने कार्यलाई नियमनको दायरामा ल्याउन सकिएको छैन । कुनै निकायमा दर्ता नभएका यस्ता ई-कमर्स व्यवसायबाट ठगीमा परेको उपभोक्ताका गुनासो आउने गरे पनि हालसम्म कसैलाई कारबाही हुन नसकेको निर्देशक आचार्यको भनाइ छ ।

अहिले विश्वव्यापी रूपमा विद्युतीय माध्यामबाट सामान किन्ने विधि लोकप्रिय भइरहेको छ । विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ ले नेपालभित्रै विद्युतीय माध्यमबाट हुने कारोबारलाई समेटेको भए पनि विदेशबाट हुने व्यापारलाई समेटेको देखिँदैन । अन्तरराष्ट्रिय ई-कमर्स साइटबाट प्रत्यक्ष खरिद गर्दा नेपाल भित्रने सामानको सही मूल्याङ्कन नगरी भित्रिरहेको हुनसक्ने सम्भावनाबारे स्वयं भन्सार विभाग स्वीकार्छ ।

विद्युतीय माध्यामबाट वस्तु तथा सेवा आयात गर्दा भन्सार नियन्त्रणको सम्भावना कमजोर हुन्छ भने फर्मको भौतिक उपस्थिति हुँदैन । यदि आयातकर्ताले सेवा बिक्री गर्ने भएमा आयात गर्दा स्वघोषणा गरी तिरेको मूल्य अभिवृद्धि कर मिलान गर्न पाउँछ । तर यदि आयातकर्ता अन्तिम उपभोक्ता भएको अवस्थामा उसले आयातमा स्वघोषणा गरी कर तिर्न इच्छुक भएको देखिँदैन ।

यद्यपि, भन्सार विभागका सूचना अधिकारी किशोर बर्तौला हुलाक, कुरियरबाट आएको वस्तु भन्सार जाँचपास भएरै आउने दाबी गर्नुहुन्छ । "यात्रुले आफैं बोकेर ल्याएको सामानको एक खालको व्यवस्था भयो । तर कुरियरबाट आएका सामानको भन्सार जाँचपास भएरै आउँछ", उहाँले भन्नुभयो ।

अनलाइनका माध्यमबाट वस्तु व्यापार मात्र नभई सेवा पनि किनबेच भइरहेका छन् । विश्व व्यापार सङ्गठनको तथ्याङ्कअनुसार नेपालले सन् २०२४ मा डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको निर्यात अमेरिकी डलर ४१ करोड ४० लाखबराबर गरेको देखिन्छ । जबकी यही समयमा नेपालले गरेको डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको आयात अमेरिकी डलर २८ करोड ३० लाख बराबर छ । अर्थात् यस क्षेत्रमा नेपालको आयातभन्दा निर्यात बढी छ ।

पछिल्लो समय व्यवसायको तरिका फेरिएसँगै प्रचारप्रसारका शैली पनि भिन्न भएका छन् । विज्ञापनका पुराना शैलीभन्दा अनलाइनका माध्यमबाट विज्ञापन गर्ने क्रम बढ्दो छ । तर यससम्बन्धी कानुन हालसम्म बन्न सकेको छैन । सामाजिक सञ्जालमा हुने विज्ञापनलाई नियमनको दायरामा ल्याउनका विज्ञापन बोर्डले ऐनको मस्यौदालाई मन्त्रालयमा पेस गरेको दुई वर्षभन्दा बढी समय भइसक्दा पनि पारित भएर कार्यान्वयनमा आउन सकेको छैन । नेपालमा अनलाइनमार्फत हुने विज्ञापनको बजारको आकार कत्रो छ र यसबाट मुलुकले कति राजस्व गुमाइरहेको छ भन्ने हालसम्म कुनै अध्ययन नभएको विज्ञापन बोर्डका सूचना अधिकारी डिल्लीराम सुवेदी बताउनुहुन्छ । "कानुन नहुँदा हामीले अनलाइन विज्ञापनलाई नियमनको दायरामा ल्याउन सकेका छैनौं । यसको कारोबार कति छ र सम्भाव्य राजस्व कति हो भन्ने पनि स्पष्ट छैन", सुवेदीले भन्नुभयो ।

अहिले चुनावी प्रचारप्रसार सामाजिक सञ्जालबाट हुने गरेका छन् । तर यस्तो प्रचार विधि कानुनको दायराभित्र रहेर गरिएको छ वा छैन भन्ने अनुसन्धान भएको देखिँदैन । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन-२०७९ का क्रममा फेसबुकबाट मात्रै भएको विज्ञापन 'मेटा एड लाइब्रेरी रिपोर्ट' हेर्दा करिब छ हजार हाराहारी पेज र प्रोफाइलबाट 'स्पोन्सर्ड पोस्ट' (डलर तिरेर गरिएको विज्ञापन) देख्न सकिन्छ । त्यसबेला नेपाल राष्ट्र बैंकले डलर कार्डबाट वार्षिक पाँच सय अमेरिकी डलरबराबर मात्रै खर्च गर्न पाउने सुविधा दिएको थियो । तर धेरैजसो उम्मेदवारले सो सीमाभन्दा बढीको फेसबुक विज्ञापन गरेको मेटा एड लाइब्रेरीबाट देखिन्छ ।

उम्मेदवारहरूले राष्ट्र बैंकले दिएको सुविधाभन्दा बढीको डलर खर्च कसरी गरे भन्नेबारे हालसम्म कुनै अनुसन्धान हुनसकेको छैन । तर यस्तो प्रकृतिको प्रचारमा अवैध हुण्डी कारोबारमा भएको हुनसक्ने देखिन्छ । तत्कालीन नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'अनलाइन व्यवसायमा करारोपणसम्बन्धी अध्ययन प्रतिवेदन, २०७९' मा भनिएको छ, "सामाजिक सञ्जालमा गरिने विज्ञापन सेवा खरिद गर्न विदेशबाटै रकम भुक्तानी गर्ने र सोबापतको रकम नेपालमा रहेका आफन्त वा साथीभाइलाई भुक्तानी गर्दै आइरहेका छन् ।"

नेपालमा डिजिटल प्रविधिको प्रयोग बढेसँगै यससँग जोडिएका सबै क्षेत्रलाई दर्ता, नियमन तथा अनुसन्धानको दायराभित्र ल्याउनु अतिआवश्यक भएको तथ्य विभिन्न सरकारी अध्ययनले समेत औंल्याएका छन् । 'कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन, २०८०' ले विद्युतीय अर्थतन्त्रको कारणले नेपालको कराधारको संरक्षण गर्न निरन्तर अध्ययन तथा नियमित अनुसन्धान गर्नुपर्ने र त्यसका लागि छुट्टै स्थायी संरचना तयार पारिनुपर्ने औंल्याएको छ ।

"अन्तरराष्ट्रिय कर, मूल्य हस्तान्तरण, स्थायी संस्थापन, निकाय तथा व्यक्तिको स्रोत तथा बासिन्दाको अध्ययन, अन्तरराष्ट्रिय कर नियोजन तथा छलीका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र सूचना सङ्कलन तथा विश्लेषण गर्न आन्तरिक राजस्व विभागमा विशिष्टिकृत संरचना

*बाँकी तीन पृष्ठमा*

# सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन चुनौतीपूर्ण

ललितपुर, ३० पुस (रासस)।

सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन अझैपनि चुनौतीपूर्ण रहेको सरोकारवालाले बताएका छन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को उपत्यका प्रदेश समितिले 'समृद्धिको आधार: पूर्ण समावेशी सञ्चार' नाराका साथ बुधबार 'फोनिज संवाद' आयोजना गरेको थियो । सो संवादमा बागमती प्रदेश सरकारले कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याइरहेको नेपाल भाषा र तामाङ भाषाको कार्यान्वयन, समस्या र चुनौतीका सन्दर्भमा छलफल गरिएको थियो । छलफलमा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मातृभाषा संरक्षण र प्रवर्द्धनका लागि बिनियोजित बजेट अपुग भएकाले थप व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

"नीति तथा कार्यक्रम बनाएर बजेट छुट्याइएको हुन्छ, सरोकारवालाले कुराभन्दा पनि काममा ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो । उहाँले आदिवासी जनजातिका पक्षमा आएका माग सम्बोधनका लागि सरकारलाई सिफारिस गरेर पठाइएको जानकारी दिनुभयो ।

नेपाल आदिवासी जनजाति महासङ्घका महासचिव दिवस राईले संविधानमा भएको व्यवस्थाअनुसार सङ्घीय कार्यान्वयनको एउटा महत्त्वपूर्ण पाटो मातृभाषाको संरक्षण र सरकारी कामकाजको उपयोगमा ल्याउने व्यवस्था कार्यान्वयन गर्नु भएको उल्लेख गर्नुभयो । उहाँले आदिवासी जनजातिको भाषा, संस्कृति र लिपिको संरक्षण र व्यावहारिक कार्यान्वयनका लागि राज्य र सरकार दुवैले ध्यान दिएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्रालयका उपसचिव पवनकुमार पोखरेलले अस्थिर सरकार हुँदा ऐन, नियम बनाउने र बजेट तथा नीति कार्यक्रम कार्यान्वयन गर्न समस्या भएको बताउनुभयो । उहाँले भाषागत प्रशिक्षण, साहित्यको विकासका लागि बजेट छुट्याइएको भए पनि सरोकारवालाहरुले बजेट मागका लागि नआउँदा खर्च हुन नसकेको बताउनुभयो ।

भाषा आयोगका कायममुकायम सचिव डाक्टर लोकबहादुर लोप्चनले बागमती प्रदेशले नेवारी र तामाङ भाषाका भाषा प्रशिक्षक राखेर प्रशिक्षण र अनुवादक राखेर सरकारी कामका लागि सहजीकरण गरेको जानकारी दिनुभयो ।

फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरीले भाषिक लवज र मातृभाषालाई जोगाएर राख्नका लागि सो भाषा बोल्ने मानिसको सङ्ख्या वृद्धि हुनुपर्नेमा जोड दिनुभयो ।

फोनिजको उपत्यका प्रदेश समितिका अध्यक्ष प्रशान्त मालीले सरकारले कमजोर वर्ग र राज्यको नीतिगत तहमा पहुँच नपुगेकाहरुको पहुँच अभिवृद्धि गर्दै राज्यको मूल प्रवाहमा ल्याउन उचित नीतिगत व्यवस्थाका साथै बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

### *दुई सय ५५ जना ...*

र "ख" वर्गको अपाङ्गता तथा असहाय नागरिकहरुलाई न्यानोपुर्ण सहयोग पालिकाद्वारा गरेको बताए ।

पालिका प्रमुख ओम प्रकाश मण्डलको अध्यक्षतामा आयोजना गरिएको फाईबर सिरक वितरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष रेणु देवी मण्डल, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार झा, अपाङ्ग समन्वय समिति सदस्य रामचन्द्र यादव, सेभ द नेपाल सप्तरीका जिल्ला संयोजक विरेन्द्र कुमार साहसहित पालिकाका सम्पुर्ण शाखाका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो ।

सिरक वितरण कार्यक्रममा गाउँपालिकामा रहेको "क" वर्गको १ सय ५५ र "ख" वर्गको १ सय व्यक्तिलाई फाईबर सिरक वितरण गरेको जनाइएको छ ।

# मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सिंहद्वारा शपथ ग्रहण

**दैनिक समाचारदाता**
**धनुषा, ३० पुस ।**

मधेस प्रदेशका नवनियुक्त मुख्य न्यायाधिवक्ता डा सुनिलरञ्जन सिंहले बुधबार पद तथा गोपनीयताको शपथ लिएका छन् ।

उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश टेकनारायण कुँवरले प्रदेश प्रमुखको कार्यालयमा आयोजित विशेष समारोहमा डा सिंहलाई शपथ गराएका हुन् ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णको उपस्थितिमा समारोहमा प्रदेश सरकारका उच्च पदस्थ अधिकारी, वरिष्ठ कानुन व्यवसायी तथा कानुनी क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको थियो ।

शपथपश्चात् डा सिंहले संविधान र प्रचलित कानुनको पूर्णपालना गर्दै प्रदेश सरकारलाई गुणस्तरीय कानुनी परामर्श र प्रभावकारी बहस प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले न्यायिक प्रणालीलाई थप सबल बनाउँदै सुशासन र विधिको शासनलाई कार्यसम्पादनको मूलआधार बनाइने बताए ।

### *चुनौतीपूर्ण बन्दै ...*

तत्कालै स्थापना गर्नुपर्छ", समितिको प्रतिवेदनमा भनिएको छ ।

विद्युतीय कारोबारमा आधारित मूल्य अभिवृद्धि करको कराधार क्षयीकरणलाई नियन्त्रण गर्न विभिन्न देशसँग सूचना आदानप्रदान तथा सहकार्य कायम हुने संयन्त्रको विकास गरी कर प्रणालीलाई समयानुकूल बनाई विद्युतीय कारोबारमा अन्तरराष्ट्रियस्तरमा प्रचलनमा रहेका व्यवस्थासँग तादम्यता कायम हुनेगरी ऐन कानुनमा परिमार्जन तथा करका दर निश्चित गर्ने सुझाव पनि आयोगले दिएको छ ।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष विद्याधर मल्लिक अहिलेको अवस्थामा नेपालमा डिजिटल अर्थतन्त्रको विकासलाई तत्काल नियमन गर्ने र औपचारिकीकरण गरेर राजस्व असुली गर्नेभन्दा पनि यसको व्यवसायिक संरचना विकास र विस्तार हुन दिनुपर्ने बताउनुहुन्छ ।

"उनीहरूलाई हाम्रा कानुनी र प्रशासनिक नियमनले थिचिहाल्नुभन्दा पनि बिजनेस मोडल विकास गर्ने र प्रयोग बढाउने कुरा बढी प्राथमिकतामा राख्नुपर्छ । पछि क्रमशः तिनलाई हाम्रा संयन्त्रभित्र ल्याउने हो । त्यसको पूर्वाधार तयार पार्दै जानुपर्छ", उहाँले भन्नुभयो । ज्ञानमा आधारित अर्थतन्त्र (नलेज बेस्ड इकानोमी) लाई प्रवर्द्धन गर्ने नीति लिएर विस्तारै त्यसलाई औपचारिकीकरण गर्नका लागि संयन्त्रहरू विकास गरिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यस्तै, नेपालबाट बाहिरिने डाटा हेरेर त्यसमा न्यूनतम कर लगाउने व्यवस्था गरिनुपर्ने मल्लिक बताउनुहुन्छ । "विभिन्न इन्टरनेट सेवा प्रदायक र सर्भरहरूका माध्यामबाट हामीले नेपालबाट कति डाटा बाहिर गयो भनेर थाहा पाउन सकिन्छ । डाटाको स्रोतलाई हेरेर त्यसैका आधारमा न्यूनतम कर लगाउने व्यवस्था गर्न सकियो भने यस क्षेत्रको औपचारिकीकरण गर्न सहज होला", उहाँ भन्नुहुन्छ, "विद्यमान भन्सार, मूल्य अभिवृद्धि, आयकरसँग सम्बन्धित कानुनी व्यवस्थाले यसलाई सम्बोधन गर्न सक्ने अवस्था छैन ।" नेपालमा विद्युतीय कारोबार गर्ने कम्पनीहरू दर्ता भएर कर तिर्नका लागि प्रशासनिक झन्झट पनि उत्तिकै रहेको उहाँको बुझाइ छ ।

**अवैध कारोबारका बढ्दो घटना**

नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइले सार्वजनिक गरेको भर्चुअल सम्पत्ति (भर्चुअल एसेट)सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन, २०२५ ( स्ट्राटेजिक एनालिसीस रिपोर्ट, २०२५ अनभर्चुअल एसेट) अनुसार पछिल्लो पाँच वर्ष अवधिमा मात्र ६५८ वटा शङ्कास्पद कारोबारको जानकारी राष्ट्र बैंकलाई आएको छ । नेपालमा भर्चुअल सम्पत्ति ( भर्चुअल एसेट)को कारोबार अवैध हो ।

बिटकोइन, इथेरियमजस्ता क्रिप्टो, स्टेबलकोइनहरू, युटिलिटी टोकनहरू तथा अन्य टोकनाइज्ड एसेटहरू भर्चुअल सम्पत्तिभित्र पर्छन् । जसलाई व्यापार गर्न, स्थानान्तरण गर्न, भुक्तानी तथा लगानीका लागि प्रयोग गर्ने गरिन्छ ।

प्रतिवेदनअनुसार सन् २०२१ मा १३, २०२२ मा १७३, २०२३ मा १३८ र २०२४ मा २५२ वटा यस्तो कारोबार र गतिविधिको जानकारी एकाइलाई आएका छन् । त्यस्तै, २०२५ को जुलाई १६ सम्ममा ८२ वटा कारोबार र गतिविधिको जानकारी राष्ट्र बैंकले पाएको छ । यसरी जानकारीमा आएका शङ्कास्पद कारोबार र गतिविधिलाई राष्ट्र बैंकले विभिन्न निकायमा पठाउने गरेको छ ।

प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा राष्ट्र बैंकले २३२ वटा नेपाल प्रहरीलाई, ११५ वटा राजस्व अनुसन्धान विभागलाई, छवटा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई, तीनवटा राष्ट्र बैंकअन्तर्गतको भुक्तानी सेवा विभागलाई र एउटा आन्तरिक राजस्व विभागलाई पठाएको छ ।

राष्ट्र बैंकका निर्देशक तथा वित्तीय जानकारी एकाइका प्रमुख वासुदेव भट्टराई शङ्कास्पद कारोबार बारेका जानकारी विभिन्न अनुसन्धान निकायलाई उपलब्ध गराएको र ती निकायबाट थप अनुसन्धान अघि बढ्ने बताउनुहुन्छ ।

"हामीले जानकारीमा आएका शङ्कास्पद भर्चुअल सम्पत्तिको कारोबारसँग सम्बन्धित विवरण विभिन्न निकायलाई उपलब्ध गराएका छौँ । थप अनुसन्धान गर्ने, अदालतमा मुद्दा अभियोजन गर्ने र त्यहाँ पुष्टि भएपछि मात्रै यस्तो कारोबार भए-नभएको एकिन हुने हो", उहाँले भन्नुभयो ।

**विभाजित विश्व**

डिजिटल अर्थतन्त्रले विश्व कर प्रणालीलाई एक ऐतिहासिक मोडमा पुर्‍याएको छ । तर विश्व समुदाय अझै साझा उत्तर खोज्ने प्रक्रियामै अल्झिएको छ । डिजिटल व्यवसाय मोडेलबाट सिर्जित मूल्यलाई कसरी मापन गर्ने र त्यसलाई कुन देशमा करयोग्य बनाउने भन्ने विषयमा विश्वव्यापी दृष्टिकोण नै विभाजित छ । यस विभाजनले अन्तरराष्ट्रिय कर सुधार प्रक्रियालाई झन् जटिल बनाएको छ ।

विशेषगरी प्रयोगकर्ता सहभागितालाई मूल्य सृजनाको स्रोत मान्ने कि नमान्ने भन्ने बहस कर सुधारको केन्द्रमा छ । यदि प्रयोगकर्ता डेटा र सहभागितालाई मूल्य सृर्जनाको आधार मानियो भने, हालको कर संरचनाले त्यसलाई समेट्न नसक्ने देखिन्छ । तर त्यसो गर्दा नाफा र आर्थिक गतिविधि मिलाउने परम्परागत सिद्धान्त नै पुन:परिभाषित गर्नुपर्ने हुन्छ, जसमा धेरै देश अनिच्छुक देखिन्छन् । यही अन्योलताबीच केही देशहरूले एकपक्षीय रूपमा डिजिटल कर उपायहरू लागू गर्न थालेका छन् ।

अनलाइन विज्ञापन कर, डिजिटल सेवा कर, विदहोल्डिङ कर, डाइभर्टेड प्रफिट्स ट्याक्सजस्ता उपायहरू भारत, फ्रान्स, बेलायत, अष्ट्रेलियालगायतका देशमा लागू भइसकेका छन् । यस्ता एकपक्षीय कदमले अल्पकालीन रूपमा राजस्व बढाए पनि दीर्घकालीन रूपमा दोहोरो कराधान, व्यापार विवाद र कर युद्धको जोखिम बढाएको विभिन्न अन्तरराष्ट्रिय अध्ययनले देखाएका छन् । जसकारण कर सुधार अब प्राविधिक विषयमात्र नभई राष्ट्रिय स्वार्थ, राजस्व दबाब र राजनीतिक निर्णयसँग गाँसिएको बहुआयामिक विषय बन्न गएको छ ।

डिजिटलाइजेसनको प्रभाव अन्तरराष्ट्रिय कर नियममै सीमित छैन । गिग र साझेदारी अर्थतन्त्रले करदाताको स्थिति नै परिवर्तन गरिदिएको छ । बिग डेटा, प्लेटफर्म सहकार्य र डिजिटल नज प्रयोग गरेर कर अनुपालन बढाउने सम्भावना देखिए पनि ब्लकचेन र क्रिप्टोकरेन्सीले कर पारदर्शितामा नयाँ जोखिम पनि सृजना गरिरहेका छन् ।

## विश्व समाचार

# इरानमा विरोध प्रदर्शनका क्रममा दुई हजार ५ सय ७१ को मृत्यु

दुबई, संयुक्त अरब इमिरेट्स, ३० पुस (रासस/एपी)।

इरानमा विरोध प्रदर्शनमा मृतकको सङ्ख्या दुई हजार ५७१ पुगेको छ । सरकारले प्रदर्शन नियन्त्रण गर्न सञ्चार माध्यमहरू बन्द गरेपछि स्थानीय नागरिकहरूले बाहिरका साथीभाइसँग मङ्गलबारदेखि पहिलो पटक फोनमार्फत सम्पर्क गरेका छन् । इरानी राज्य टेलिभिजनले पहिलोपटक मृतकहरूको पुष्टि गर्दै 'धेरै शहीदहरू' भएको जनाएको छ । विरोध प्रदर्शन सुरुमा आर्थिक सङ्कटका कारण भएको थियो, तर पछि सर्वोच्च नेता अली खामेनीमाथि असन्तोषको रूपमा रूपान्तरण भएको थियो ।

प्रदर्शनमा खामेनीको मृत्युको माग गर्ने नारा देखिएका छन् । मानवअधिकार समूहका अनुसार मृतकमध्ये दुई हजार ४०३ जना प्रदर्शनकारी, १४७ जना सरकारी सम्बन्धित, १२ जना बालबालिका र ९ जना अन्य सामान्य नागरिक थिए । १८ हजार १०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको छ । तेहरानमा भारी सुरक्षा बलको उपस्थिति, सरकारी भवनमा आगो, भत्किएका एटीएम र सडकमा थोरै मानिस देखिएको छ । स्थानीयले भने, "मानिसहरू निराश छन्, तर प्रदर्शन जारी राख्ने इच्छा राखिरहेका छन् ।" सुरक्षा अधिकारीहरूले स्टारलिङ्क सेटेलाइट इन्टरनेट खोजी गरिरहेका छन् । हाल स्टारलिङ्कले इरानमा निशुल्क सेवा उपलब्ध गराएको छ । इरानमा आर्थिक र राजनीतिक असन्तोषबीच विरोध प्रदर्शन तीव्र भइरहेको छ, र यसबाट मानवधिकार सङ्कट अझ गहिरो बन्न सक्ने देखिन्छ ।

# इरानमा हिंसा बढ्दै, ट्रम्पद्वारा संयम अपनाउन आग्रह

वासिङ्टन, ३० पुस (रासस/एपी)।

इरानमा पछिल्ला दुई सातादेखि जारी विरोध प्रदर्शनका क्रममा मृत्यु र पक्राउको सङ्ख्या बढ्दै गएको समाचारहरू आइरहेका बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सरकारलाई संयम अपनाउँदै प्रदर्शनकारीप्रति मानवता देखाउन आग्रह गर्नुभएको छ । राष्ट्रपति ट्रम्पले मङ्गलबार आफ्नो राष्ट्रिय सुरक्षा टोलीसँग इरानसम्बन्धी अवस्थाबारे परामर्श गर्नुभयो । उहाँले प्रदर्शनका क्रममा कति नागरिकको ज्यान गएको छ भन्नेबारे अझै आधिकारिक रूपमा पुष्टि भएको तथ्याङ्क प्राप्त नभए पनि घटनाको गम्भीरताप्रति चासो व्यक्त गर्नुभयो । समाचार एजेन्सीका अनुसार डिसेम्बर २८ देखि सुरु भएको विरोध प्रदर्शनमा हालसम्म करिब १६ हजार ७ सय मानिस पक्राउ परेका छन् भने दुई हजार ५ सयभन्दा बढीको मृत्यु भएको अनुमान गरिएको छ ।

ती तथ्याङ्क स्वतन्त्र रूपमा पुष्टि हुन बाँकी रहेको बताइएको छ । "सन्देश यही हो कि मानवता देखाइनुपर्छ," ट्रम्पले इरानी सरकारप्रति सङ्केत गर्दै भन्नुभयो । उहाँले परिस्थितिको शान्तिपूर्ण समाधान हुने अपेक्षा व्यक्त गर्नुभयो । यसअघि ट्रम्पले विरोध प्रदर्शनमाथि भइरहेको कडाइका कारण इरानी अधिकारीहरूसँग हुने सम्भावित वार्तामा रोक लगाइएको बताउनुभएका थिए । उहाँले इरानी नागरिकप्रति सहानुभूति व्यक्त गर्दै सहयोगको सङ्केत गरेका भए पनि त्यसको स्वरूपबारे विस्तृत जानकारी दिनुभएको छैन । मिशिगनमा आयोजित एक कार्यक्रममा ट्रम्पले इरानी नागरिकलाई शान्तिपूर्ण रूपमा आफ्नो आवाज उठाइरहन आग्रह गर्नुभयो । साथै, उहाँले हिंसा र दमनमा संलग्न व्यक्तिहरूको पहिचान सुरक्षित राख्न सुझाव दिनुभयो । यसप्रति प्रतिक्रिया जनाउँदै संयुक्त राष्ट्रसङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर सइद इरावानीले ट्रम्पका अभिव्यक्तिलाई हस्तक्षेपको रूपमा व्याख्या गर्दै आपत्ति जनाएका छन् । उहाँले यस्तो अभिव्यक्तिले क्षेत्रीय स्थिरता र इरानको सार्वभौमिकतामा असर पार्न सक्ने बताउनु भएको छ ।

यसैबीच, इरानी सरकारी सञ्चारमाध्यममा प्रसारित केही स्वीकारोक्तिप्रति मानव अधिकार संस्थाहरूले चिन्ता व्यक्त गरेका छन् । ती स्वीकारोक्ति दबाबमा गराइएको हुन सक्ने आशंका व्यक्त गरिएको छ । ट्रम्प प्रशासनका उच्च अधिकारीहरूले इरानको अवस्थाबारे कूटनीतिक, आर्थिक तथा सुरक्षा सम्बन्धी विकल्पहरूबारे छलफल जारी राखेको जनाएका छन् । अमेरिकी प्रशासनले आफ्नो प्राथमिकता नागरिकको ज्यान जोगाउनु र क्षेत्रीय स्थिरता कायम राख्नु रहेको बताएको छ । मानव अधिकार समूहका अनुसार इरानका सबै ३१ प्रान्तमा हालसम्म ६ सयभन्दा बढी विरोध प्रदर्शन भएका छन् । आर्थिक समस्याबाट सुरु भएको यो आन्दोलन पछिल्ला दिनहरूमा शासनप्रणालीप्रतिको व्यापक असन्तोषको रूपमा विकसित भएको विश्लेषण गरिएको छ ।

# 'बायोमेडिसिन' अनुसन्धानको लागि चीनको वैज्ञानिक पत्रिका सुरु

बेइजिङ, ३० पुस (रासस/सिन्ह्वा)।

चीनले 'बायोमेडिसिन' क्षेत्रमा 'विटा' नामक नयाँ अन्तर्राष्ट्रिय वैज्ञानिक पत्रिका सन् २०२६ मा सुरु गर्न लागेको वेस्टलेक विश्वविद्यालयले शनिबार जनाएको छ । 'विटा' शब्द ल्याटिनबाट आएको हो, र यसको अर्थ 'जीवन' हो । पत्रिकाका मुख्य सम्पादक ली डाङशेङका अनुसार यसले बायोमेडिसिनसँग सम्बन्धित अनुसन्धान प्रकाशित गर्नेछ र विश्वभरका वैज्ञानिकहरूको लागि खुला हुनेछ । पत्रिकाको तयारी द्रुत गतिमा भइरहेको छ । पत्रिकाका लेखहरू सन् २०२६ को पहिलो त्रैमासिकमा अनलाइन उपलब्ध हुनेछन्, जबकि प्रिन्ट संस्करण जूनमा प्रकाशित हुनेछ ।

वेस्टलेक विश्वविद्यालयका अध्यक्ष शी यिगोङगले भन्नुभयो, "चीन नेतृत्वमा विश्वस्तरीय वैज्ञानिक पत्रिका स्थापना गर्नु आवश्यक र तत्काल जरुरी छ ।" विटा पत्रिकाले कडा मापदण्ड अपनाएर अनुसन्धान प्रकाशित गर्नेछ र विश्वसनीय जानकारी दिनेछ । यो पत्रिका हायर एजुकेशन प्रेस र वेस्टलेक विश्वविद्यालयको सह-स्थापना हो र लाइफ साइन्स ओपन एलायन्ससँग साझेदारीमा सञ्चालन हुनेछ ।

